नेपालगञ्ज उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

नेपालगञ्ज ,बाँके

लुम्बिनी प्रदेश,नेपाल

## कार्यालयको लागि सवारी भाडामा लिने सम्बन्धी सूचना

सूचना प्रकाशित मिति :- २०८२।०७।२१

यस कार्यालयको नियमित कामकाजको लागि चालू आ.व.को लागि एक थान सवारी भाडामा लिनुपर्ने भएको हुँदा तपसिल बमोजिमको शर्तहरुको अधीनमा रहने गरी भाडामा दिन इच्छुक सवारी धनी वा यातायात व्यवसाय समितिहरूलाई सूचना प्रकाशन भएको मितिले ७ दिन (२०८२/०७/२७ गते) भित्र यस कार्यालयमा सिलबन्दी दरभाउ पेश गर्नहुन पुन दोस्रो यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिलः**

१. आवश्यक सवारी विवरण एवं अन्य विवरण

| | |
|---|---|
| १) प्रकारः स्कारपियो संख्या १ (एक) | २) सिट संख्याः कम्तिमा ७ सिटे |
| ३) इन्धन प्रकारः डिजेल | ४) मोडेल; सन् २०२० देखि पछाडिको । |
| ५) अन्य सुविधाः तातो तथा चिसो गर्ने एसी, आरामदायी सिट, सुरक्षाको लागि हुने सबै अन्य सुविधाहरू । | ६) अधिकतम् मासिक भाडा सुविधाः- रु.१,३०,०००/- मासिक (वहाल कर सहित) । |
| ७) प्रस्ताव फारम दस्तुर रु १०००/- | |

२. आवश्यक कागजातहरुः

क) सवारी साधनको ब्लुबुकको प्रतिलिपि (नविकरणको म्याद भएको) ।

ख) फूलविमाको प्रमाणपत्र प्रतिलिपि ।

ग) नागरिकता प्रमाणपत्र प्रतिलिपि/संस्था दर्ता प्रमाणपत्र प्रतिलिपि ।

३. अन्य शर्तहरुः

क) प्रस्ताव पेश गर्दा सम्बन्धित गाडीको चालू वर्षको विमा भएको हुनुपर्नेछ ।

ख) सवारी साधन यस आ.व. ०८२/०८३ असार मसान्त सम्मको लागि उपलब्ध गराउनु पर्नेछ ।

ग) गाडी मर्मत गर्नु पर्ने भएमा सो अवधिमा सवारी धनीले कबोल रकममा नै अर्को गाडीको व्यवस्था गर्नु पर्नेछ ।

घ) भाडामा प्रयोजन भएको गाडी मर्मत, सर्भिस लगायत मर्मत सँग सम्बन्धित मर्मत कार्य गर्नु पर्ने भएमा सवारी धनि स्वयं मर्मत सम्भार गर्नु पर्नेछ ।

ङ) सो गाडीको लागि आवश्यक इन्धन तथा सवारी चालक नगरपालिका कार्यालयद्वारा व्यवस्था गरिने छ।

च) माथि उल्लिखित सेवा सुविधा तथा शर्तहरु प्रयोगको क्रममा सवारी धनीले सवारी चालू अवस्थामा राख्न नसकेमा सो को मर्मत खर्च कार्यालयले सवारी धनीको धरौटीबाट कट्टा गरी सम्झौता रद्द गर्न सक्नेछ ।

छ) उपमहानगरपालिकालाई आवश्यकता भएमा द्विपक्षीय सहमति अनुसार म्याद थप गर्न सकिनेछ ।

ज) कार्यालयलाई आवश्यकता नभएमा वा सो गाडीले कार्यालयद्वारा निर्धारित मापदण्ड पुरा नभएको देखिएमा सम्झौता जुनसुकै बखत रद्द गर्न सक्नेछ । तर सवारी धनीलाई सम्झौता रद्द गर्नु अघि कम्तीमा १५ दिन अगावै जानकारी दिइनेछ ।

झ) सामान्य मर्मत (पन्चर टायर, टायर लिक्विड, कुल्यान्ट, लगायत अन्य) सम्भार त्रैमासिक अधिकतम १५,०००/- नबढ्ने गरी कार्यालय आफैं मर्मत गर्न सक्नेछ ।

ञ) अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

४. प्रस्ताव फारम राजश्व शाखाबाट रु १०००/- राजश्व जम्मा गरी खरिद गर्न सकिने छ ।

५. धरौटी रकम रु २०,०००/- यस कार्यालयको धरौटी खातामा जम्मा गरी सिलबन्दी दरभाउ पत्र साथ पेश गर्नुपर्ने छ ।

६. अन्य जानकारीको लागि कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत